Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: १२ | वि.सं. २०८३ वैशाख १२ शनिवार | नेपाल संवत: ११४५, वैशाख शुक्ल नवमी | Saturay 25 April 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# आमाले मातृत्व तोडिन् दिदीले राष्ट्रको रक्षक बनाइन्



“पूजा आफैं पनि संघर्षको प्रतिमूर्ति हुन् । भाइलाई हुर्काउँदै, समाजका कैयौं तीता-मीठा अनुभवहरू सँगाल्दै उनले आफूलाई नेपाल प्रहरीको सेवामा समर्पित गरिन् ।

**सुशील खड्का**
**सुर्खेत, ११ चैत ।**

एउटा बालक, जसले आमा भन्न सिक्दा नसिक्दै मातृत्वको न्यानो काख गुमायो । डेढ वर्षको त्यो उमेर, जहाँ पाइला टेक्न अरूको औँला चाहिन्छ, त्यही बेला प्रदिप विश्वकर्माको जीवनबाट आमाको सितल छहारी सदाका लागि ओझेल पर्यो ।

आमाले अर्कै संसार रोजिन्, अर्कै घरजम गरिन् र ती अवोध बालकलाई एउटा कहिल्यै निको नहुने प्रश्नको भारी बोकाएर हिँडिन् । तर, भनिन्छ, ‘जहाँ अन्धकार हुन्छ, त्यहीँ कतै आशाको दियो पनि बलिरहेको हुन्छ ।’ प्रदिपको जीवनमा त्यो दियो बनेर उभिए उनका बुबा र दिदी पूजा विश्वकर्मा ।

सुर्खेतको कपासेस्थित कालिबहादुर गणको परेड मैदानमा प्रदिप सैनिक बर्दीमा सजिएर । कडा परिश्रमको पसिना पुछ्दै देश सेवाको सपथ खाइरहेका थिए । त्यहीँ बेला दर्शकदीर्घामा रहेकी दिदी पूजाका आँखा गर्वले रसाएका थिए । यो जागिरको सुरुवात मात्र थिएन ।

यो एउटा टुटेको परिवारको पुनर्जन्म र अभावमाथि विजयको घोषणा थियो । पाल्पाको तिनाउँ गाउँपालिका-२, दोभानको त्यो पुरानो घर । प्रदिपका बाल्यकालका यादहरूमा आमाको तस्बिर धमिलो छ । तर आमाले छाडेर जाँदाको रिक्तता भने अझै ताजा छ । ‘मलाई आमाले किन छाड्नुभयो । उहाँले किन अर्को विवाह गर्नुभयो । त्यो कुरा खोतलेर मलाई अब आफ्नो मन दुखाउनु छैन,’ प्रदिप भावुक हुँदै भन्छन्, ‘तर एउटा मानवीय गुनासो सधैँ मनको कुनामा रहिरहनेछ, जन्माएपछि बीच बाटोमै अलपत्र किन छाडिदिनुभयो ?’

हुन पनि, प्रदिपले सुखी र खुसी जीवनको परिभाषा बुझ्नुअघि नै संघर्षको कडा पाठ पढ्नुपर्यो । घरको आर्थिक अवस्था नाजुक, त्यसमाथि मातृविहीन बाल्यकाल । तर, प्रदिपका लागि उनका बुबा र विशेषगरी दिदी पूजाले कहिल्यै आमाको अभाव पूर्ण रूपमा महसुस हुन दिएनन् । दिदी पूजाले आफ्ना कैयौँ रहरहरूलाई तिलाञ्जली दिँदै भाइको ओठमा मुस्कान सजाउने प्रयास गरिरहिन् ।

प्रदिप र पूजाको सम्बन्ध दिदीभाईको मात्र होइन । यो सम्बन्ध एउटा गुरु र शिष्यको पनि हो, एउटा संरक्षक र संरक्षितको हो । पूजा आफैं पनि संघर्षको प्रतिमूर्ति हुन् । भाइलाई हुर्काउँदै, समाजका कैयौं तीता-मीठा अनुभवहरू सँगाल्दै उनले आफूलाई नेपाल प्रहरीको सेवामा समर्पित गरिन् ।

आफू सुरक्षा निकायमा रहेर समाजको रक्षा गरिरहँदा उनले घरभित्र एउटा अर्को रक्षक तयार पारिरहेकी थिइन् । उनले भाइलाई सधैँ एउटै कुरा भनिन, ‘बाबु, हाम्रो सहारा कोही छैन, हाम्रो सहारा हाम्रो पसिना र इमानदारिता मात्र हो ।’ दिदीको यही मार्गदर्शनले प्रदिपलाई गलत बाटोमा जानबाट रोक्यो र उनलाई एक अनुशासित युवाको रूपमा उभ्यायो ।

प्रदिप गर्वका साथ भन्छन्, ‘म आज जे छु, जहाँ छु, त्यो सबै मेरी दिदीको प्रेरणा र त्यागको जगमा उभिएको छु ।’ माध्यमिक शिक्षा परीक्षा (एसईइ) उत्तीर्ण गरेपछि प्रदिपको मनमा एउटै हुटहुटी थियो, देशको सेवा गर्ने र परिवारको आर्थिक बोझ हल्का गर्ने । उनले नेपाली सेनामा भर्ना हुने दृढ संकल्प गरे । जब सेनाको भर्ना खुल्यो, उनी आफ्नो सपनाको आवेदन बोकेर बागलुङ पुगे ।

शारीरिक तन्दुरुस्ती, लिखित परीक्षा र अन्तर्वार्ताका प्रत्येक चरणहरू उनका लागि चुनौतीपूर्ण थिए । तर उनको पछाडि दिदीको भरोसा र बुबाको आशीर्वादको शक्ति थियो । अन्ततः उनी छनौंट भए । तालिमका लागि उनलाई नयाँ ठाउँ सुर्खेत वीरेन्द्रनगरस्थित कपासेमा रहेको काली बहादुर गण पठाइयो । ब्यारेक भित्रका कठोर तालिम, राति-बिहानको दौड र कडा अनुशासनले प्रदिपलाई एउटा कच्चा धातुबाट धारिलो तलवार बनायो । भर्खरै सम्पन्न दीक्षान्त समारोहमा प्रदिपको चेहरामा देखिएको त्यो चमक कुनै ठुलो युद्ध जितेको योद्धाको भन्दा कम थिएन ।

प्रदिपको यो व्यक्तिगत सफलता एउटा वृहत्तर राष्ट्रिय उत्सवको हिस्सा पनि थियो । उनीसँगै देशभरका एक सय आठ जना नवप्रवेशी सैनिक सिपाहीहरूले तालिम सम्पन्न गरी कार्यक्षेत्रमा जाने अनुमति पाएका छन् । सैनिक तालिमका क्रममा पनि प्रदिप अनुशासित र ऊर्जावान् प्रशिक्षार्थीको रूपमा चिनिएको कालिबहादुर गणले जनाएको छ ।

शारीरिक व्यायाम होस् या सैद्धान्तिक ज्ञान, उनले हरेक विधामा आफ्नो श्रेष्ठता कायम गर्ने गरेको गणले बताएको छ । विशेष गरी ड्रिल र शारीरिक अभ्यासमा उनको प्रदर्शन प्रशंसनीय रहेको र मिलनसार स्वभावका कारण प्रशिक्षक र साथीहरूका बीचमा प्रिय सिपाही थिए । सुर्खेतमा तालिम सकेपछि प्रदिपको दरबन्दी अब रामेछापस्थित खड्क दल गणमा भएको छ ।

सुर्खेतको कपासे ब्यारेक जहाँ उनले सिपाही बन्ने कखरा सिके, त्यहाँबाट बिदा हुँदै गर्दा केही भावुक पनि देखिए । तर, उनको मनमा अब कार्यक्षेत्रमा गएर आफ्नो क्षमता प्रदर्शन गर्ने तीव्र इच्छा छ । दिदी पूजाले भाइको निधारमा टीका लगाइदिँदै गर्दा दुवैको मनमा हर्षका आँशु पोखिएका थिए । संघर्ष र लगनशीलता भएमा जात, धर्म वा पारिवारिक अभावले सफलताको बाटो छेक्न सक्दैन ।

समारोहमा उत्तर पश्चिम हेडक्वाटरका पृतनापति उपरथी दिपेश जंग शाहले भने, ‘आजदेखि तपाईंहरूको शिरमा रहेको टोपी र जिउमा रहेको बर्दी कपडा मात्र होइन, यो तीन करोड नेपालीको आशा र भरोसा हो ।’ माटोले माग्दैन, आफैंले दिनुपर्छ भन्दै उनले सेनाको गौरवशाली इतिहाँसलाई जोगाउन र भविष्यमा आउन सक्ने जस्तोसुकै चुनौतीलाई पनि प्रविधि र सीपका माध्यमबाट सामना गर्न जवानहरूलाई निर्देशन दिए । सेनाको दायित्व भनेको भविष्यको खतरालाई मध्यनजर गर्दै संधै चुस्त-दुरुस्त बनाइराख्नु रहेको उनले बताए ।

## ठाकुरबाबामा १५ शैयाको अत्याधुनिक नगर अस्पताल सञ्चालन



**सरला सुवेदी**
**बर्दिया, ११ बैशाख ।**

बर्दियाको ठाकुरबाबा नगरपालिकामा १५ शैयाको सुविधासम्पन्न नगर अस्पताल सञ्चालनमा आएको छ । नगरप्रमुख तिलकराम लम्सालले एक औपचारिक कार्यक्रमबीच अस्पतालको उद्घाटन गर्नुभएको हो ।

करिब १२ करोड ८४ लाख रुपैयाँको लागतमा वडा नं. ३ नेउलापुरमा निर्माण गरिएको उक्त अस्पताल स्थानीयस्तरमै विशेषज्ञ सेवा प्रदान गर्ने उद्देश्यसहित सञ्चालनमा ल्याइएको हो । संघीय सरकारको “हरेक स्थानीय तहमा १५ शैयासम्मको अस्पताल” निर्माण गर्ने योजना अनुसार वि.सं. २०७८ जेठबाट निर्माण सुरु गरिएको दुई तले भवन तीन वटा ब्लकमा फैलिएको छ । अस्पताल परिसरमा पार्किङ र क्यान्टिनको समेत व्यवस्था गरिएको छ ।

अस्पतालबाट २४ सै घण्टा आकस्मिक सेवा, बहिरंग तथा अन्तरंग सेवा, शल्यक्रिया कक्ष, गुणस्तरीय प्रयोगशाला सेवा, भेन्टिलेटरसहित सर्पदंश उपचार, निःशुल्क शव वाहन तथा शव चिस्यान सेवा, रक्तसञ्चार र आँखा उपचार सेवा सञ्चालन गरिनेछ ।

उद्घाटन कार्यक्रममा बोल्दै नगरप्रमुख लम्सालले पुरानो संरचनाबाट सेवा दिँदा देखिएका समस्यालाई समाधान गर्न नयाँ भवनबाट व्यवस्थित र

बाँकी ४ पेजमा

## प्रहरी स्कूलको शैक्षिक भवन उद्घाटन

**युग संवाददाता**
**सुर्खेत, ११ बैशाख ।**

नेपाल प्रहरीका संगठन प्रमुख दानबहादुर कार्कीले नवनिर्मित नेपाल पुलिस स्कूलको शैक्षिक र प्रशासनिक भवनको समुद्घाटन गरेका छन् । शुक्रबार एक कार्यक्रमका बीच कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-५, मा ११ करोड लागतमा निर्मित सुविधासम्पन्न भवनको प्रहरी पर्मुख कार्कीले समुद्घाटन गरेका हुन् ।

२०७६ बाट पठनपाठन सुरु गरेको प्रहरी स्कुल भाडाको घरबाट सञ्चालन भइरहेको थियो । यस्तै, कार्कीले प्रदेश प्रहरी कार्यालय परिसरमा पाँच करोड ४४ लाख लागमा निर्मित सिनियर प्रहरी अधिकृत आवास गृहको समेत उद्धाटन गरेका छन् । यी दुवै भवन प्रहरीको आन्तरिक स्रोतबाट निर्मित भएका हुन् ।

प्रहरी स्कुलको भवन उद्धाटन गर्दै कार्कीले शिक्षालाई एउटा पर्खालभित्र पढाउने मात्र नभई अनुशासित र दक्ष जनशक्ति उत्पादनमा लाग्नुपर्ने बताए । शिक्षाले हरेक मान्छेलाई सफलताको बाटोमा अग्रसर गराउने उल्लेख गर्दै उनले जबसम्म असल र अनुशासित व्यक्ति जन्मदैन तबसम्म समाज अघि बढ्न नसक्ने बताए ।

सीमित स्रोत र साधनका बीच नेपाल प्रहरीले जनताको सेवा गरेको उल्लेख गर्दै उनले प्रहरी स्कूलले समुदायमा रुपान्तरणमा अग्रणी भुमिका खेल्नेमा विश्वास व्यक्त गरे । उनले पछिल्लो समय बढ्दै गएको लागुऔषध दुर्व्यसनी रोक्न प्रहरी स्कुलले समुदायस्तरमा नेतृत्वदायी भुमिका निभाउनुपर्नेमा जोड दिए ।

‘कर्णालीमा बाटो छोटो छ, तर लागुऔषधको दुर्व्यसनी लामो छ । हरेक क्षेत्रमा पछि पारिएको कर्णाली क्षेत्रमा किन लागुऔषधको गलत बाटो फैलदै गएको छ भन्ने विषयमा प्रहरी स्कुल र यसका अभिभावकहरुले अब सोच्ने बेला आएको छ,’ उनले भने । लागुऔषधको जालो तोड्न प्रहरीले मात्र नसक्ने भन्दै उनले यसमा सबैले हातेमालो गर्नुपर्नेमा जोड दिए ।

**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं ।**

- सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरौं,
- विविधतामा एकताको भावना विकास गरौं,
- जातीय, धार्मिक तथा क्षेत्रीय विभेद त्यागौं,
- चाडपर्व र उत्सवहरू मिलेर मनाऔं,
- घृणा फैलाउने, अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद, सहकार्य बढाऔं,
- आपसी समझदारी कायम गरौं,
- शान्ति, सहिष्णुता र भाइचाराको संस्कृति प्रवर्द्धन गरौं ।
- विविधतामा एकता, सद्भाव र सहिष्णुता ।

नेपाल सरकार
विज्ञापन बोर्ड

GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810
● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

# पञ्चकोशी क्षेत्रको महत्व र राष्ट्र गुरु योगी नरहरिनाथज्यूको योगदान



✍ धर्मराज शाही

**१. परिचयः– कर्णालीको आध्यात्मिक मुटु दैलेख पञ्चकोशी**

नेपालको भूगोलमा कर्णाली प्रदेशलाई प्रायः इतिहास र अध्यात्मको भूमी भनेर चिनिन्छ। यही कर्णालीको केन्द्रमा पर्ने दैलेख जिल्ला केवल भौगोलिक रूपमा मात्र होइन, धार्मिक, सांस्कृतिक, ऐतिहासिक र सभ्यताको दृष्टिले पनि अत्यन्तै महत्वपूर्ण जिल्ला हो। दैलेखको भूमिमा खस सभ्यता, प्राचीन राज्य व्यवस्था, मठ-मन्दिर संस्कृति, शिव-शक्ति उपासना, वैदिक परम्परा, गुफा, शिलालेख, धारा, देउराली, पञ्चायतकालदेखि आधुनिककालसम्मको धार्मिक यात्रा सबै भेटिन्छन्। दैलेख जिल्लाको विशेष पहिचान भनेको यहाँको "पञ्चकोशी क्षेत्र" हो। पञ्चकोशी भन्नाले पाँचवटा प्रमुख धार्मिक तीर्थस्थललाई एउटै आध्यात्मिक यात्रामा बाँधिएको पवित्र भूभाग भन्ने बुझिन्छ। नेपालमा विभिन्न ठाउँमा पञ्चकोशी क्षेत्रको अवधारणा पाइन्छ, तर दैलेखको पञ्चकोशी क्षेत्र अत्यन्त प्राचीन, लोकविश्वासमा गहिरो र सांस्कृतिक रूपमा समृद्ध रहेको मानिन्छ।

दैलेखको पञ्चकोशी क्षेत्रभित्र विशेष रूपमा पाँचवटा तीर्थस्थलको नाम उच्चारण गरिन्छ।

१. श्रीस्थान
२. नामिस्थान
३. धुलेश्वर
४. पादुका
५. तल्लो डुंगेश्वर

यी पाँच तीर्थस्थल केवल मन्दिर मात्र होइनन्, यी दैलेखको सभ्यता, परम्परा, धार्मिक चेतना र इतिहासको आधारस्तम्भहुन्। यस पञ्चकोशी क्षेत्रको महिमा केवल स्थानीय बासिन्दाको आस्थामा सीमित छैन, यसले सम्पूर्ण कर्णाली क्षेत्रलाई सांस्कृतिक रूपमा एकीकृत बनाएको छ।

**२. पञ्चकोशीको अवधारणाः "पाँच तीर्थ'एक आध्यात्मिक यात्रा"**

**२.१ पञ्चकोशी शब्दको अर्थ**

"पञ्च" भनेको पाँच र "कोशी" भन्नाले एक प्रकारको पवित्र क्षेत्र, तीर्थ-परिधि वा धार्मिक भ्रमण क्षेत्र भन्ने बुझिन्छ। हिन्दू सनातन परम्परामा कुनै क्षेत्रलाई पवित्र मान्दै त्यस वरिपरि निश्चित तीर्थहरूको समूह बनाइन्छ र ती तीर्थहरूको दर्शन-परिक्रमा गर्दा विशेष पुण्य प्राप्त हुने विश्वास गरिन्छ। यही विश्वासबाट पञ्चकोशी क्षेत्रको अवधारणा जन्मिएको हो।

**२.२ दैलेखको पञ्चकोशी किन प्रसिद्ध छ।**

- दैलेखको पञ्चकोशी क्षेत्रको महत्वका केही प्रमुख आधारहरू छन्'
- यहाँ शिव-शक्ति परम्पराको गहिरो प्रभाव छ।
- यो क्षेत्र खस साम्राज्य र प्राचीन कर्णाली सभ्यताको केन्द्र मानिन्छ।
- यहाँका मन्दिरहरू धार्मिक मात्र होइन, ऐतिहासिक प्रमाणका रूपमा पनि महत्वपूर्ण छन्।
- यहाँको जनजीवनमा पञ्चकोशी दर्शन एक प्रकारको सांस्कृतिक जीवनशैली बनिसकेको छ।
- यहाँ भएका धार्मिक अनुष्ठानहरू विशेषतः कोटिहोम, महायज्ञ, शिवरात्रि, जनैपूर्णिमा, श्रावण सोमबार आदि पर्वहरूले क्षेत्रलाई अझ चर्चित बनाएका छन्।

**३. दैलेखको पञ्चकोशीः इतिहास, लोक विश्वास र धार्मिक चेतना**

**३.१ प्राचीन कालदेखि निरन्तर पूजाआस्था**

दैलेख क्षेत्रलाई प्राचीन कालदेखि नै तपोभूमि, देवभूमि, ऋषिमुनिहरूको ध्यानस्थल भनेर मानिन्छ। यहाँका वन-जंगल, नदी-खोला, गुफा र पहाडहरूमा ऋषि-मुनिहरूले तपस्या गरेको जनविश्वास पाइन्छ। इतिहासकारहरूका अनुसार दैलेख खस राज्यकालदेखि नै प्रशासनिक तथा सांस्कृतिक केन्द्र थियो।

यहाँका मन्दिरहरूको वास्तुकला, मूर्ति संरचना, पुराना घण्टा, शिलालेख, पूजा पद्धति र परम्पराले पनि यस क्षेत्रलाई अत्यन्त पुरानो बनाउँछ। दैलेखका गाउँ-गाउँमा देवीदेवताको थानहरू, देउराली, मठ र पुराना धर्मशाला पाइन्छन्। यी सबैले पञ्चकोशी क्षेत्रलाई धार्मिक राजधानीकै स्वरूप दिन्छ।

**३.२ पञ्चकोशी दर्शन गर्ने परम्परा**

दैलेखमा विशेष धार्मिक अवसरमा पञ्चकोशी दर्शन गर्ने परम्परा छ। मान्यता अनुसार, पञ्चकोशीका पाँच तीर्थस्थलको दर्शन गरेर मानिसले'

- पाप क्षय हुन्छ
- रोग व्याधि कम हुन्छ
- मन शान्त हुन्छ
- घर-परिवारमा सुख-शान्ति आउँछ
- सन्तान प्राप्ति र वैवाहिक जीवनमा शुभता मिल्छ

**मृतक आत्माले मोक्ष पाउँछ**

जस्ता धार्मिक विश्वासहरू छन्। यी विश्वास केवल कथा होइनन्, दैलेखका मानिसको जीवनशैलीमा गहिरोसँग गाँसिएका व्यवहार हुन्।

**४. राष्ट्रगुरु योगी नरहरीनाथज्यू र दैलेख पञ्चकोशी**

**४.१ योगी नरहरीनाथज्यूः इतिहास खोज्ने राष्ट्रगुरु**

राष्ट्रगुरु योगी नरहरीनाथज्यू नेपालको इतिहास, संस्कृति, राष्ट्रवाद र धर्म संरक्षणका लागि जीवन समर्पण गर्ने महान व्यक्तित्व हुनुहुन्छ। उहाँले नेपालका विभिन्न भागमा घुम्दै पुराना मन्दिर, शिलालेख, मूर्ति, ऐतिहासिक दस्तावेज र मौखिक इतिहास खोज्नुभयो। उहाँको योगदानले नेपालमा धेरै धार्मिक स्थलहरू पुनः उजागर भए। योगी नरहरीनाथज्यूको दृष्टिमा नेपालको इतिहास केवल राजाहरूको कथा होइन, यो धर्म, संस्कृति, भाषा र सभ्यताको निरन्तरता हो। यही सोचका कारण उहाँले कर्णाली र दैलेखलाई अत्यन्त महत्व दिनुभएको पाइन्छ।

**४.२ दैलेख पञ्चकोशीप्रति उहाँको विशेष आकर्षण**

योगी नरहरीनाथज्यूले दैलेखको पञ्चकोशी क्षेत्रलाई केवल "स्थानीय तीर्थ" भनेर हेर्नुभएन। उहाँले यसलाई'

**नेपाल राष्ट्रको प्राचीन सांस्कृतिक आधार**

- खस सभ्यताको धार्मिक केन्द्र
- शिव परम्पराको जीवित प्रमाण

राष्ट्रिय एकताको आध्यात्मिक धरोहर भनेर बुझ्नुभयो। त्यसैले उहाँले दैलेखको पञ्चकोशी क्षेत्रलाई व्यापक रूपमा चिनाउन विशेष भूमिका खेल्नुभयो।

**४.३ कोटिहोम र यज्ञः पञ्चकोशी चिनाउने अभियान**

योगी नरहरीनाथज्यूले पञ्चकोशी क्षेत्रमा कोटिहोम जस्तो महान वैदिक अनुष्ठान गरेर यस क्षेत्रलाई देशभर परिचित गराउनुभएको थियो। कोटिहोम भन्नाले "एक करोड मन्त्र जप वा हवन" भन्ने बुझिन्छ। यो सामान्य यज्ञ होइन, यो अत्यन्तै विशाल धार्मिक अनुष्ठान हो।

**कोटिहोमका मुख्य उद्देश्यहरू'**

- क्षेत्रको आध्यात्मिक उर्जा जागृत गर्नु
- धार्मिक पर्यटनको विकास गर्नु
- समाजमा नैतिकता र संस्कारको जागरण गर्नु
- पुराना मन्दिरहरूको संरक्षण र प्रचार गर्नु
- स्थानीय समुदायलाई एकताबद्ध गर्नु
- सनातन धर्मको वैदिक परम्परा जीवित राखु

योगी नरहरीनाथज्यूले यस्ता अनुष्ठानमार्फत पञ्चकोशी क्षेत्रलाई धार्मिक र सांस्कृतिक दृष्टिले पुनः स्थापित गर्नुभयो।

**४.४ पञ्चकोशीलाई "राष्ट्रिय तीर्थ" बनाउन उहाँको भूमिका**

दैलेखको पञ्चकोशी क्षेत्रलाई "राष्ट्रिय तीर्थ" बनाउने काममा योगी नरहरीनाथज्यूको योगदान अत्यन्त ठूलो छ। उहाँले स्थानीय जनतालाई प्रेरणा दिनुभयो, पूजा परम्परालाई व्यवस्थित बनाउनुभयो, तीर्थयात्राको महत्त्व बुझाउनुभयो, र दैलेखलाई "धर्मको धरोहर" का रूपमा उभ्याउनुभयो।

**५. पञ्चकोशीका पाँच प्रमुख तीर्थस्थलहरूको विस्तृत वर्णन**

अब हामी पञ्चकोशीका पाँचवटा प्रमुख स्थलहरूलाई छुट्टाछुट्टै व्याख्यात्मक शैलीमा प्रस्तुत गर्छौं।

**५.१ श्रीस्थान मन्दिरः दैलेखको आध्यात्मिक शिरोबिन्दु**

**५.१.१ श्रीस्थानको परिचय**

दैलेख पञ्चकोशीभित्र सबैभन्दा प्रसिद्ध र श्रद्धाको केन्द्र मानिने तीर्थस्थल हो' श्रीस्थान। "श्री" शब्दले लक्ष्मी, समृद्धि, शुभता र पवित्रता जनाउँछ भने "स्थान" भनेको बसोबास वा केन्द्र हो। त्यसैले श्रीस्थानलाई शुभताको केन्द्र वा देवताको निवासस्थल भनेर मानिन्छ।

श्रीस्थान मन्दिरको नाम सुन्नासाथ दैलेखका मानिसहरू मात्र होइन, कर्णाली क्षेत्रका भक्तजनहरूको मनमा आस्था जाग्छ। यो मन्दिर दैलेखको धार्मिक पहिचानको आधार हो।

**५.१.२ धार्मिक महत्व**

श्रीस्थान मन्दिरलाई प्रायः शिवसँग सम्बन्धित शक्तिपीठ वा शिवालयका रूपमा लिइन्छ। यहाँ पूजा गर्ने मानिसहरू शिवको कृपा प्राप्त हुन्छ भन्ने विश्वास गर्छन्। यो स्थानमा पूजा गर्दा'

- मानसिक पीडा हट्छ
- रोग व्याधि कम हुन्छ
- घरमा धनधान्य बढ्छ
- समाजमा मानसम्मान प्राप्त हुन्छ, भन्ने जनविश्वास छ।

**५.१.३ मन्दिरको संरचना र वातावरण**

श्रीस्थानको मन्दिर परिसरमा प्रवेश गर्दा एक प्रकारको शान्ति अनुभूति हुन्छ। यहाँको प्राकृतिक वातावरण, पहाडको हरियाली, स्थानीय संस्कार र पूजा प्रणालीले मन्दिरलाई विशिष्ट बनाएको छ। मन्दिरको वरिपरि धारा, पवित्र स्थान र परम्परागत पूजा स्थलहरू रहेका छन्।

**५.१.४ मेला र पर्व**

श्रीस्थानमा वर्षभरि विभिन्न पर्वहरूमा ठूलो मेला लाग्छ। विशेषगरी'

- शिवरात्रि
- तीज
- श्रावण महिना
- दशैं-तिहार
- पूर्णिमा
- यस्ता पर्वमा टाढाटाढाबाट भक्तजन आउँछन्।

**५.१.५ योगी नरहरीनाथज्यूको भूमिका**

योगी नरहरीनाथज्यूले श्रीस्थानलाई पञ्चकोशीको केन्द्रका रूपमा प्रचार गर्नुभयो। उहाँले यहाँका धार्मिक अनुष्ठानलाई व्यवस्थित गर्न सहयोग गर्नुभयो र यसको ऐतिहासिक महिमा उजागर गर्नुभयो। कोटिहोम जस्ता कार्यक्रमले श्रीस्थानलाई झनै राष्ट्रिय चर्चा दिलायो।

**५.२ नामिस्थान मन्दिरः "नाम जप्ने भूमि" को पवित्रता**

**५.२.१ नामिस्थानको अर्थ र पहिचान**

"नामि" भन्नाले नामसँग सम्बन्धित अर्थात् देवताको नाम जप्ने, ध्यान गर्ने वा भक्तिले पूर्ण ठाउँ भन्ने बुझिन्छ। नामिस्थान मन्दिर दैलेखको अर्को अत्यन्त पवित्र तीर्थस्थल हो। यो स्थानलाई "जप-तपको भूमि" भनेर पनि मानिन्छ। नामिस्थानको धार्मिक वातावरण अत्यन्त शान्त र ध्यान केन्द्रित गर्ने खालको रहेको बताइन्छ।

**५.२.२ धार्मिक मान्यता**

नामिस्थानमा पूजा गर्दा विशेष गरी

- वाणी शुद्ध हुन्छ
- मन एकाग्र हुन्छ
- अध्ययन र ज्ञानमा वृद्धि हुन्छ
- पारिवारिक कलह कम हुन्छ
- कर्म शुद्ध हुन्छ, भन्ने जनविश्वास छ।

यस स्थानमा विशेष गरी साधु-सन्त, योगी, सन्यासीहरू बसेर ध्यान गर्ने परम्परा पनि रहेको भनाइ पाइन्छ।

**५.२.३ लोककथा र धार्मिक कथा**

नामिस्थानसँग सम्बन्धित लोककथाहरू दैलेखमा धेरै प्रचलित छन्। स्थानीय बुढापाकाहरूले सुनाउने कथामा नामिस्थानलाई देवता प्रकट हुने स्थान वा ऋषि-मुनिहरूले ध्यान गरेको स्थानका रूपमा वर्णन गरिन्छ। यस्ता कथाहरूले यस स्थानलाई रहस्यमय र पवित्र बनाएको छ।

**५.२.४ योगी नरहरीनाथज्यूको योगदान**

योगी नरहरीनाथज्यूले नामिस्थानको महिमा उल्लेख गर्दै यसलाई पञ्चकोशीको अभिन्न अंगका रूपमा प्रचार गर्नुभयो। उहाँको कार्यले नामिस्थान केवल गाउँको थान नभई "दैलेखको तीर्थ मार्ग" को महत्वपूर्ण केन्द्रका रूपमा स्थापित भयो।

**५.३ धुलेश्वर मन्दिरः शिवको धुलोले पवित्र बनाएको भूमि**

**५.३.१ धुलेश्वर नामको अर्थ**

"धुलेश्वर" शब्द दुई भागबाट बनेको छ :

- धुलो धुल
- ईश्वर

धुलेश्वर भन्नाले "धुलोमा वास गर्ने ईश्वर" वा "धुलोले पवित्र भएको शिव" भन्ने अर्थ लाग्न सक्छ। यो नाम आफैंमा रहस्यमय छ। यसले स्थानीय जनविश्वासमा एउटा विशेष कथा बोकेको छ।

**५.३.२ धार्मिक महत्व**

धुलेश्वर मन्दिर शिव आराधनाको प्रमुख केन्द्र हो। यहाँ शिवको पूजा गर्दा

- ग्रहदोष हट्छ
- अकाल मृत्युको भय कम हुन्छ
- जीवनमा साहस बढ्छ
- व्यापार-व्यवसायमा प्रगति हुन्छ

भन्ने मान्यता छ।

**५.३.३ धुलेश्वरको प्राकृतिक सौन्दर्य**

धुलेश्वरको स्थान प्रकृतिसँग अत्यन्त नजिक रहेको मानिन्छ। पहाडको काख, वन-जंगलको शान्त वातावरण, चिसो हावा, चरा चुरुङ्गीको आवाज र मन्दिरको घण्टीको ध्वनिले भक्तजनलाई आध्यात्मिक अनुभूति दिलाउँछ।

- ५.३.४ पूजापद्धति
- धुलेश्वरमा विशेष गरी'
- जलाभिषेक
- बेलपत्र अर्पण
- धूप-दीप
- रुद्रीपाठ

▶▶ बाँकी ३ पेजमा

## विश्व

# भारतलाई 'नरक' भन्ने ट्रम्पको पोस्टले चर्कियो विवाद

**वासिङ्टन, ११ वैशाख ।**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा सामाजिक सञ्जालमा गरिएको एक विवादास्पद अभिव्यक्तिले भारत-अमेरिका सम्बन्धमा नयाँ तनाव सिर्जना गरेको छ। भारतले उक्त टिप्पणीलाई कडा शब्दमा अस्वीकार गर्दै अनुचित र वास्तविकतासँग असम्बन्धित भएको जनाएको छ।

बुधबार राति ट्रम्पले सामाजिक सञ्जालमा साझा गरेको पोस्टमा अमेरिकामा जन्मिएका सबैलाई स्वतः नागरिकता दिने संवैधानिक व्यवस्थामाथि आलोचना गरिएको थियो। सो पोस्टमा विशेषगरी भारतीय आप्रवासीहरूलाई लक्षित गर्दै उनीहरूले अमेरिकी मूल निवासीहरूलाई रोजगारी नदिने र अङ्ग्रेजी भाषामा दक्षता नभएको आरोप लगाइएको थियो। त्यस्तै, भारतलाई 'नरक' भन्दै गरिएको टिप्पणीले थप विवाद निम्त्याएको छ।

भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले ती अभिव्यक्तिहरूलाई 'स्पष्ट रूपमा अज्ञात, अनुपयुक्त र खराब स्वादमा' भएको प्रतिक्रिया दिए। उनले यस्ता भनाइहरूले भारत-अमेरिका सम्बन्धको वास्तविक स्वरूप झल्काउन नसक्ने बताउँदै दुई देशबीचको सम्बन्ध दीर्घकालीन आपसी सम्मान र साझा हितमा आधारित रहेको उल्लेख गरे।

यसैबीच, भारतीय मूलका अमेरिकी डेमोक्रेट सांसद अमी बेराले पनि ट्रम्पको टिप्पणीको आलोचना गर्दै यसलाई 'आपत्तिजनक, अज्ञानी र पदको गरिमाभन्दा तल' रहेको बताए। उनले ट्रम्पले आप्रवासी परिवारहरूले भोग्ने संघर्ष कहिल्यै अनुभव नगरेको टिप्पणी गरे।

हिन्दू अमेरिकन फाउन्डेसनले समेत उक्त पोस्टप्रति आपत्ति जनाउँदै यसलाई 'घृणित र जातिवादी अभिव्यक्ति' को संज्ञा दिएको छ। संस्थाले यस्तो अभिव्यक्तिले समाजमा विद्यमान जेनोफोबिया र जातीय विभाजनलाई अझ बढावा दिने चेतावनी दिएको छ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** – नयाँ काम थालनी हुनुका साथै मिहिनेतको प्रतिफल प्राप्त हुनेछ। चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ। दाजुभाइमा आत्मीयता बढ्नेछ।

**वृष** – अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। सुखद् समाचारले उत्साह जगाउनेछ। आम्दानीका स्रोत बढ्नेछन्।

**मिथुन** – रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। पहिलेको सफलताले थप हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ।

**कर्कट** – परिस्थितिवश चिताएको काममा केही बाधा पुग्नेछ। अरूका लागि रकम र बुद्धि खर्चनुपर्ला। अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउन सक्छन्।

**सिंह** – आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। दिगो फाइदा हुने काममा जग बसाउने मौका प्राप्त हुनेछ। तर आजको लाभांश सञ्चय नहुन सक्छ।

**कन्या** – आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ। प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ। मिहिनेतको फल प्राप्त हुनेछ।

मिहिनेत गर्दा लक्ष्यमा पुगिनेछ। रोकिएका काम सम्पादन हुनेछन्। विशेष जिम्मेवारी प्राप्त हुनेछ। सानो प्रयत्नले धेरैको भलाइ गर्न सक्छ।

**वृश्चिक** – स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल प्राप्त नहुन सक्छ। शुभचिन्तकहरू टाढिनेछन् भने काम बिग्रने भयले सताउनेछ।

**धनु** – घुमफिर तथा मनोरञ्जनमा समय बित्नेछ। प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ। अतिथिका रूपमा सत्कार पाइनेछ।

**मकर** – पहिलेको सफलताले हौसला जगाउनेछ भने पछिका लागि विशेष काममा जग बसाउने मौका छ। प्रयत्न गर्दा विभिन्न अवसर प्राप्त हुनेछन्।

**कुम्भ** – काममा केही विलम्ब भए पनि सुखद समाचारले उत्साह जगाउनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ।

**मीन** – हतारमा निर्णय लिने बानीले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला। तत्कालको फाइदा हेर्दा पछिलाई समस्या पर्न सक्छ।

कविता

# घामको कथा





✍ साकारबाबु सुवेदी

घामले झुल्किन समय लगायो
त्यही विलम्बमा टेकेर एउटा
कथा रचना गरियो
जहाँ जीवन सबैसँग थियो
तर जीवित बन्ने अभ्यास
अधुरो थियो ।

त्यो कथामा एक पात्र थियो
जो भीडजस्तो देखिन्थ्यो तर
भीड थिएन ।
उसले मृत्यु देखेन
तर मृत्युलाई काँधमा राखेर
हिँड्यो
दिनहुँ मनभित्र ठुलो अन्त्य
बोकेर ।

एक दिन, उसले आफूलाई
भेट्यो
ऐनामा होइन, कालो छायामा
कालै पर्दापछाडि छोपिएको ।
त्यहाँ कुनै निर्णय थिएन
केवल एउटा शान्त स्वीकृति
थियो
प्रतिशोध पनि अस्तित्व हो ।

उसको खल्तीमा एउटा ढुङ्गा
थियो
सानो तर भारी– रिसले होइन,
अनुभूतिले ।
कहिलेकाहीँ लाग्थ्यो घाम
फुटाउनुपर्छ

कारण समयले सिकाउन सकेन
घाम फुटाएर होइन, आँखा
फेरिएपछि बिहान हुन्छ ।

टुटेको घडी भित्तामा
झुण्डिएकै थियो
र दिनमा दुई पटक सही समय
देखाएकै थियो
त्यसैले प्रयास व्यर्थ भएन
ढिलाइ पनि दिशा बन्यो र मेरो
पात्र दिशानिर्देशक ।

धैर्य बिस्तारै गुमनाम होला
आफ्नै गरिमा गुमाउन तल्लीन
मेरो पात्र
फुटेको ऐनाबाट आकृति
गायब भएजस्तो ।
मुलुकबाट मानिस नजाऊन्,
आत्मसम्मान उभिनुपर्छ
हारबिना होइन, हारबाट
सिकेर ।

कथा अझै सकिएको छैन
आज स्वतन्त्रता छ, भोलि
सायद के होला ?
तर दुवैबाट जन्मिनेछ
अस्तित्व रहने वा नरहने
कारण ।

अन्त्यमा बुझियो
उतारचढावबिना अहङ्कार
उम्रिन्छ
र अहङ्कारले सबैभन्दा सुन्दर
संरचना पनि
चुपचाप भत्काउँछ ।

त्यसैले कथा हिँडिरहन्छ
घामसँग, छायाँसँग, समयसँग
खल्तीमा ढुङ्गा बोकेर ।

कथा :

# युद्धको युवा जिजीविषा



✍ बुद्धमणि ढकाल

भैरवसिंह सातदोबाटो टोलको त्यो घरमा बस्न आएको लगभग ६ वर्ष हुनलाग्यो । दाङ खानीगाउँका एकजना मान्छेले उसलाई त्यो घरमा बसेर पढ्ने बन्दोवस्त गरिदिएका थिए ।

कोइलाखानीको भारी बोक्ने काम छोडेर घोराही शहर पसेको भैरवसिंह काठमाडौँको गल्लीमा पछारियो । बल्लतल्ल एउटा भवन निर्माण कम्पनीमा बालुवा ईंटा बोक्ने ज्यामी काम पायो र अँध्यारो कोठा किरायामा लियो । रिङ्गरोडको त्यो बस बिसौनीमा एकदिन ती दाङका मान्छेसँग भेट भो; उनले एउटा राम्रो घरमा बस्ने अवसर मिलाइदिए ।

पासाङ मेलम्चीबाट त्यहाँ आएकी हो । युद्धकालमा पासाङका साथीहरू माओवादतिर तानिए र छापामार भए । ऊ सात कक्षामा पढ्थी । बाबु-आमाले एकजना दिदीको साथ लाएर काठमाडौँ बस्न पठाए, छापामार हुनबाट बचाउका लागि ।

पासाङ र भैरव एउटै टोलमा बसेका घरेलु कामदार हुन् तर उनीहरू एक-आपसमा भर्खर चिनजान भयो । चिनजानको माध्यम हो - सातदोबाटोको गोधुली तरकारी बजार । त्यहाँ उनीहरूको प्रायः हरेक दिनको बेलुकीपख भेट हुनेगर्छ; बोलचाल हुनथालेको भने धेरै भएको छैन ।

पासाङलाई निकैचोटि देखेपछि भैरवसिंहको मन एक तमाशले उद्वेलित भयो, ऊसँग बोल्ने निहुँ खोज्ने जुक्ति सोचिरह्यो । जुक्ति फेला पार्न उसलाई दुई महीना लाग्यो ।

पासाङलाई बजारमा भेटेको दिन भैरवसिंहको चुरीफुरी अलि बढी हुन्थ्यो । कहिले सुसेला लगाउँदै हिँड्ने, कहिले नजिक गएर ठुल्ठूलो स्वरमा तरकारीको मोलमोलाई गर्ने र कहिले उभिएर बाटो छेक्न खोज्ने जस्ता उत्ताउला क्रियाकला गर्न थाल्यो भैरव । उसले पासाङको ध्यान आफूतिर तान्न भरमग्दुर प्रयास गर्यो भन्दा फरक पर्दैन ।

पासाङ धेरैजसो उसकी घरमालिक्नीसँग बजार भर्न आएकी हुन्थी । मालिक्नी सँगै भएपछि भैरवको भाले चाला देखेर, बुझेर पनि ऊ प्रतिक्रिया दिन सक्दिनथी । मालिक्नीले थाहा पाएको बखत उसलाई शङ्का गर्ने ठाउँ मिल्थ्यो । त्यसैले पासाङ त्यो युवा फुर्तीलाई देखेको नदेखै गरिरहेकी थिई ।

एकदिन मौका जुर्यो । "तँ चिता म पुर्याउँछु" भन्ने उक्ति पूरा भयो ।

भैरवसिंह र पासाङले एक अर्कामा पहिलो चरणको चिनजान गरे - नजिकैको चमेनाघरमा बसेर । यो आमनेसामने बसाइमा कुरा धेरै खुलेन - अप्ठ्यारो मानी मानी दुवैले थोरै बोल्न भ्याए । बोल्ने विषय नै मनको फाँटबाट जिब्रोसम्म बग्न सकेन ।

"घर कता हो ?", भैरवले वार्ताको ढोका खोल्यो, "मेरो नाम भैरवसिंह थारू । घर दाङ कोइलापानी ।" पासाङको जवाफ नपर्खी उसले परिचयको सार टुङ्ग्याइहाल्यो ।

"मेरो घर मेलम्ची, नाम पासाङ थिङ ।", भैरवले खोलेको परिचयको ढोकामा पासाङ बल्ल प्रवेश गरी, निकैबेरको आनाकानीपछि ।

आधा प्लेट मोःमो मगाएर खाउञ्जेल कति नै बोल्न भ्याइन्छ र ! फेरि घर मालिकको समयसीमाले बाँधेको छ । उनीहरू निर्बन्ध छैनन् ।

हिच्किचाउँदै पासाङले सोधी, "बस्ने घर कहाँ हो ? मेरो माने अहिले बसेको घर ?"

भैरवसिंहले थोरै जिस्किने भावमा भन्यो- "म त निकै टाढाको मान्छे । सस्तो तरकारी किन्न र राम्रो मान्छे हेर्न ग्वार्कोबाट यहाँ आउँछु ।"

चमेनाघरमा ग्राहक आउने जाने भैरहन्छ । यस्तोमा पहिलोचोटि भेटेका युगल जोडीले मनको पोको खोल्न नसक्नु स्वभाविक हो । खाइसकेर उनीहरू उठे । "ल अब छुटुम् ।", दुवै आ-आफ्नो पैसा तिरेर विदा भए । पासाङले यति मात्र भनी - "सात बजेछ । मालिक्नीको छोरो ट्यूसनबाट आउने बेला भो । खान दिनुपर्छ ।"

त्यहाँबाट चापागाउँतिर हिँडेकी पासाङको बाटो परसम्म पहिल्यायो भैरवसिंहले ।

त्यस सालको दशैं छेकमा भैरवसिंह र पासाङले दक्षिणकाली मन्दिरमा भेट्ने मौका जुराए । त्यस दिनसम्म भोगेको आ-आफ्नो जिन्दगीका पानामा लेखिएका कथा उपकथा साट्ने भए ।

पासाङ बिहानको दश बजेतिरै दक्षिणकाली पुगी । उसले नयाँ कुर्ता सलवार झिकेर लाएकी थिई । सेतो भुइँमा रातो फूलबुट्टा छाप भएको कपडाले पासाङको जिउडालमा चमक थपेको थियो । कपाललाई चुल्ठोमा बाटेर एउटा निख्खर सेतो बन्धनले अड्याएको र दाहिनेपट्टि नक्कली गुराँसको सजावट टाँसेको थियो । नजानिँदो फिक्का लाली पोतेकी थिई, ओठमा । सोझो मनको सादा आभूषण ।

झन्नै डेढ घण्टापछि भैरवसिंह आइपुग्यो । कुनै फिल्मको नायकको नक्कलमा उसले कालो चस्मालाई टाउकोमाथि अड्याएको थियो । सेतो गन्जी बाहिर इस्टकोट अनि सेतो पाइन्टमा ऊ आफूलाई यहाँ चलचित्रको नायकत्व ग्रहण गर्न आएको भान गरिरहेको थियो ।

"छ्या, कति ढिलो !", पासाङको मुख छिटो भयो आज ।

"होइन क्या, बल्खुमा दक्षिणकाली आउने बस पर्खिंदा ढिलो भयो । फेरि मालिकलाई बिहान चिया नास्ता बनाइदिनु पर्यो नि त !"

दक्षिणकाली माईको दर्शन सकेर बसपार्कछेउको एक खाजाघरमा बसे उनीहरू । खुवा र खीरले पेटका मुसा मारेपछि केही एकान्त ठाउँको खोजीमा लागे, र लप्सीको फेदमा अड्डा जमाए । आज उनीहरू खुल्ला आकाश र दक्षिणकाली वनको शीतल हावामा उन्मुक्त सास फेरिरहेका छन् - स्वतन्त्र, निर्बन्ध र निशङ्कोच ।

"कता जाने भनेर निस्क्यौ घरबाट ?", भैरवले रुखको फेदमा आफ्नो रुमाल ओछ्याएर बस्यो र गफको सिलसिला झिक्यो ।

"के भन्छ, अँ, बौद्धमा दिदीको कोठा जाने भनेर निस्केको ।"

"ढाँटेको ?"

"अनि तिमीले पनि ढाँटेरै आएको होला !", पासाङले अलि चोटिलो जवाफ दिई ।

अनौपचारिकतामा खुल्न मजा हुन्छ । खोलेर मन बगाउन पाइन्छ । दुवैलाई यो मञ्जुर छ ।

विगतका जीवन भोगाइका सबैखाले परिदृश्यमा मनको बह पोखे पालैपालो । घर परिवारको कुरा, घरबाट निस्केर हिँडेपछि पाएको हण्डर, काम गर्ने ठाउँमा खेपेको सास्ती, घर मालिकको हप्कीदप्की सबै गफका विषय बने ।

"गाउँमा माउवादीको डर थियो । एकजना दिदी बौद्धमा गलैंचा फेक्ट्रीमा काम गर्थ्यो, त्यहीँ आएर बस्यो ।", पासाङले आफ्नो लेकाली लवजमा भनी ।

"म त घरबाट भागेर हिँडेको । घरको काम गर्नु एकदम गाह्रो लाग्ने । अनि स्कूलको कापी, पेन्सिल र चप्पल किन्न पैसा नै नहुने । कोइलाखानीमा काम गरेँ स्कूलका लागि चाहिने पैसा कमाउन । आठ कक्षामा पढ्दा एउटा साथीले शहरमा राम्रो काम पनि पाइन्छ र पढ्ने स्कूल पनि राम्रो हुन्छ भनेर लोभ देखायो । दुवै जना घरबाट भागेर हिड्यौं । हो, माववादीहरू हाम्रो गाउँमा पनि खान बस्न आइरहन्थ्यो । मैले त उनीहरूले भनेको कुरा नै बुझिनँ ।", भैरवसिंहको कथा थोरै उक्कियो ।

"अहिले ता तिनेरु काठमाडौँतिरै पसिसक्यो भन्छ । अबो लडाइँ नगर्ने रे !", पासाङको भित्री डर केही मत्थर भएजस्तो छ, "यहाँ पनि तिमी हामी जस्तो घरेलु काम गर्ने जवान केटाकेटीलाई माउवादीले लगेको थियो रे - मेरो घर मालिकनीले भनेको । उता नजावस् भनेर आपाले मलाई यहाँ दिदीकोमा राखेको ।"

भैरवले कुरालाई अगाडि बढायो, "घोराही बजारमा बालुवा र ईंटा बोक्ने काम गर्थें । त्योबेला मलाई पनि जनमुक्ति सेनामा जाऊँ कि जस्तो लागेको थियो । गरिबी र अन्याय विरुद्ध लड्न मजा आउँछ होला जस्तो ला'थ्यो । तर दाङको आर्मी ब्यारेकमा माववादीले आक्रमण गरेपछि सेनाले खोजी खोजी हामीजस्तो अल्लारेलाई समात्नु थाल्यो । साथी र म त्यहाँबाट पनि भागेर काठमाडौँ छिरेको ।"

भैरवको कथा यतिमा सकिएको छैन, तर ऊ रोकियो र पासाङको मुख च्यायो ।

"हन कति डरछेरुवा हो यो केटा त !", पासाङले व्यङ्गको झटारो हानी भैरवतिर । उसको ओठमा फुत्किन लागेको मुक्त हाँसोको फोहोरा गाँठो परेको थियो ।

"अनि तिमीलाई चाहिँ डर नलागेर होला अरूको घरमा काम गर्न काठमाडौँ बसेको !," भैरवले पनि सेटारो फर्कायो । पासाङले अनुहार खुम्च्याएर अर्कोपट्टि फर्की, र कड्की - होला ! होला !

"अँ अनि पासाङ, तिमीले गलैँचा फेक्ट्रीमा काम गरेको होइन ?"

"काम गरेको होइन, सिकेको । त्यहाँ पनि शोषण गर्छ मालिकले । कति महीना त ज्याला नि दिँदैन । केटीहरूलाई लोभ देखाएर बम्बै लैजान्छ भन्थ्यो । माउवादीहरू पसेको अरे त्यहाँ । मालिकले पैसाको मुखबुजो लगाएर फर्काएको अरे !"

केहीबेर रोकिएर पुनः पासाङ बोली, "त्यहाँभन्दा त गाली खाए पनि अहिले बसेको घर मालिकनी ठीक छ । स्कूल जान पाउँछु । पकिट खर्च दिन्छ । मालिक विदेशमा काम गर्छ; आएको बेला नयाँ कपडा र अरू समान किनिदिन्छ । राम्रो, मीठो खान पाएको छु ।"

गफै गफमा समय बितेको पत्तो भएन । यहीबेला उनीहरू बसेको ढिस्को छुनै खोजेर एउटा यात्रु बस बिसौनीतर्फ हुइकियो । बस रोकिएपछि ओर्लेका यात्रीहरूतिर हेर्दै पासाङ र भैरव त्यहाँबाट ओझेल पर्न हिँडे । ओर्लेका यात्रीहरूमध्ये एक हूल माओवादीका छापामार जस्ता देखिन्थे । पासाङ र भैरवसिंहले परैबाट लख काटे ।

नौ महीना पछि.....

युद्ध विराम भयो । शान्ति सम्झौता गरियो । माओवादी पछ्याएर जङ्गल पसेकाहरू जति बचेका थिए, गाउँ शहर फर्किए । भूमिगत बसेका माओवादी नेताको भाषण सुन्न र हेर्न काठमाडौँको खुलामञ्चमा सर्वसाधारणलाई निषेध गरिएको टुँडिखेल क्षेत्र र रत्नपार्क, भृकुटीमण्डप, भद्रकाली क्षेत्र छोप्ने गरी विशाल जनसागर उर्लियो । "कमिलाको गोलो एउटा मरेको गड्यौलामाथि खनिएको" जस्तो गरी मानिसहरू जम्मा भएका थिए । माओवादीका मुक्ति सेना र साँस्कृतिक टोलीका तन्नेरीहरू गट्ठागट्ठामा ठाँटले हिँडेका देखिन्थे - निर्वाध र निस्फिक्री भएर ।

# दैलेख...

- महामृत्युञ्जय जप

गरिन्छ । श्रावण महिनामा यहाँ विशेष भीड लाग्ने गर्छ ।

**५.३.५ योगी नरहरीनाथज्यूको भूमिका**

योगी नरहरीनाथज्यूले धुलेश्वरको महिमा लेखन र प्रवचनमार्फत फैलाउनुभएको भनाइ पाइन्छ । उहाँले कोटिहोम र यज्ञ गर्दा धुलेश्वर क्षेत्रलाई समेत समेटेर धार्मिक यात्रालाई पूर्णता दिनुभयो । यसले धुलेश्वरलाई पञ्चकोशीको महत्वपूर्ण स्तम्भ बनायो ।

**५.४ पादुकाः देवताको चरणचिन्ह रहेको पवित्र स्थल**

**५.४.१ पादुका भन्नाले के बुझिन्छ**

"पादुका" शब्दको अर्थ "चरण" वा "पाउको चिन्ह" हो । हिन्दू धर्ममा पादुका विशेष महत्वको प्रतीक हो । पादुका स्थानलाई प्रायः देवता, ऋषि वा गुरुको चरण परेको स्थान भनेर मानिन्छ ।

दैलेखको पञ्चकोशीभित्रको पादुका स्थान अत्यन्त श्रद्धा र विश्वासको केन्द्र हो । यो ठाउँलाई भक्तजनहरूले देवताको प्रत्यक्ष उपस्थितिको प्रमाण मान्ने गर्छन् ।

**५.४.२ धार्मिक महत्व**

- पादुका स्थानमा पूजा गर्दा'
- जीवनमा मार्गदर्शन मिल्छ
- संकटबाट मुक्ति मिल्छ
- यात्रामा सुरक्षा हुन्छ
- गुरु कृपा प्राप्त हुन्छ

भन्ने विश्वास छ ।

विशेष गरी विद्यार्थी, परीक्षार्थी, काम खोज्ने युवा र जीवनमा कठिनाइ भोगिरहेका मानिसहरू पादुकामा पूजा गर्न जाने परम्परा रहेको पाइन्छ ।

**५.४.३ पादुका र गुरु परम्परा**

पादुका स्थललाई गुरु परम्पर ासँग जोडेर हेर्ने चलन छ । यगी, सन्यासी र साधु परम्परामा गुरुको पादुका पूजालाई अत्यन्त उच्च स्थान दिइन्छ । यही कारण पादुका क्षेत्रलाई "गुरु भूमि" भनेर पनि मानिन्छ ।

**५.४.४ योगी नरहरीनाथज्यू र पादुका**

योगी नरहरीनाथज्यू आफैं योगी परम्पराका महान साधक हुनुहुन्थ्यो। उहाँले पादुका स्थलको महत्व बुझेर यसलाई पञ्चकोशी यात्रामा अनिवार्य तीर्थका रूपमा समेट्नुभयो । उहाँको दृष्टिमा पादुका केवल ढुंगामा बनेको चिन्ह होइन, यो सनातन गुरु परम्पराको प्रतीक थियो ।

**५.५ तल्लो डुंगेश्वर मन्दिरः रहस्यमय भूमिगत ग्यास र शिव उपासनाको केन्द्र**

**५.५.१ डुंगेश्वरको परिचय**

दैलेख जिल्लाको सबैभन्दा चर्चित र रहस्यमय धार्मिक स्थलमध्ये एक हो' डुंगेश्वर। विशेषगरी "तल्लो डुंगेश्वर" मन्दिरलाई पञ्चकोशीको महत्वपूर्ण केन्द्र मानिन्छ ।

डुंगेश्वर नामले नै ढुंगा (डुंगा) र ईश्वर (शिव) को सम्बन्ध देखाउँछ। यो स्थानलाई ढुंगामा प्रकट भएको शिव वा ढुंगाबाट उत्पन्न शक्ति भनेर बुझिन्छ ।

५.५.२ तल्लो डुंगेश्वरको धार्मिक महत्व

तल्लो डुंगेश्वरमा शिवको पूजा गर्दा :

- रोग व्याधि हट्छ
- भय र बाधा समाप्त हुन्छ
- मनोकामना पूरा हुन्छ
- परिवारमा सुख शान्ति हुन्छ
- देवदोष र पितृदोष हट्छ

भन्ने विश्वास छ ।

**५.५.३ रहस्यमय प्राकृतिक विशेषता**

डुंगेश्वर क्षेत्र नेपालको त्यस्तो ठाउँ हो जहाँ भूमिगत प्राकृतिक ग्यास निस्कने चर्चा हुन्छ । धेरैले यसलाई चमत्कारका रूपमा हेर्छन् भने वैज्ञानिक दृष्टिले यसलाई भूगर्भीय संरचनासँग जोडिन्छ । तर स्थानीय धार्मिक विश्वासमा यो "शिवको अग्नि शक्ति" को प्रतीक मानिन्छ ।

यस प्रकारको प्राकृतिक विशेषताले डुंगेश्वरलाई धार्मिक मात्र होइन, प्राकृतिक र वैज्ञानिक दृष्टिले पनि अनौठो बनाएको छ ।

**५.५.४ तल्लो डुंगेश्वरमा हुने पूजा र परम्परा**

- तल्लो डुंगेश्वरमा विशेष गरी'
- शिवलिंगमा जल अर्पण
- धूप-दीप
- बेलपत्र
- रुद्री, महामृत्युञ्जय
- बलि परम्परा (केही ठाउँमा प्रचलित)
- भजन कीर्तन

जस्ता गतिविधि गरिन्छ ।

विशेष पर्वहरूमा यहाँ ठूलो मेला लाग्छ। विशेष गरी शिवरात्रि र श्रावण महिनामा भक्तजनहरूको भीड अत्यधिक हुन्छ ।

**५.५.५ योगी नरहरीनाथज्यूको योगदान**

योगी नरहरीनाथज्यूले डुंगेश्वर क्षेत्रलाई पञ्चकोशीको अनिवार्य तीर्थस्थलका रूपमा प्रचार गर्नुभयो । उहाँको कोटिहोम, प्रवचन र धार्मिक अभियानले तल्लो डुंगेश्वरको चर्चा कर्णाली मात्र होइन, देशभर फैलियो । उहाँले यस स्थानलाई "दैलेखको आध्यात्मिक ऊर्जा केन्द्र" को रूपमा स्थापित गरिदिनुभयो ।

**६. पञ्चकोशी क्षेत्रको धार्मिक पर्यटन र सांस्कृतिक सम्भावना**

**६.१ पञ्चकोशीः पर्यटन र तीर्थयात्राको सम्भावित केन्द्र**

दैलेखको पञ्चकोशी क्षेत्र नेपालकै महत्वपूर्ण धार्मिक पर्यटन क्षेत्र बन्न सक्छ । यहाँका मन्दिरहरू प्राचीन छन्, धार्मिक कथा छन्, प्राकृतिक सौन्दर्य छ, स्थानीय संस्कृति छ र यज्ञ-होम गर्ने परम्परा पनि जीवित छ । यदि उचित पूर्वाधार विकास गरियो ।

- होटल तथा धर्मशाला विकास
- सडक पहुँच सुधार
- सूचना केन्द्र स्थापना
- गाइड प्रशिक्षण
- तीर्थ मार्ग व्यवस्थापन
- धार्मिक मेला व्यवस्थित सञ्चालन

गर्दै पञ्चकोशीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय धार्मिक पर्यटन केन्द्र बनाउन सकिन्छ ।

**६.२ स्थानीय अर्थतन्त्रमा योगदान**

धार्मिक पर्यटनले स्थानीय जनतालाई

- रोजगारी
- व्यापार
- हस्तकला बिक्री
- स्थानीय उत्पादनको बजार
- यातायात र सेवा क्षेत्रको विकास

जस्ता आर्थिक लाभ दिन्छ । पञ्चकोशी क्षेत्रमा मेला लाग्दा गाउँका किसानदेखि व्यापारीसम्म सबै लाभान्वित हुन्छन् ।

**६.३ संस्कृति र पहिचान संरक्षण**

पञ्चकोशी क्षेत्रको संरक्षण भनेको केवल मन्दिर बचाउनु हो ।

- खस सभ्यता बचाउनु
- कर्णालीको मौलिक भाषा-संस्कार बचाउनु
- लोकगीत, भजन, नाचगान बचाउनु
- जात्रा, पर्व, परम्परा जोगाउनु हो ।

यसैले पञ्चकोशी संरक्षण राष्ट्रकै सांस्कृतिक कर्तव्य हो ।

**७. योगी नरहरीनाथज्यूको कोटिहोम अभियानको सामाजिक प्रभाव**

**७.१ धार्मिक जागरण**

कोटिहोमले समाजमा धार्मिक चेतना जगायो। मानिसहरू आफ्नो मन्दिर, आफ्नो इतिहास र आफ्नो संस्कारप्रति जागरुक भए । धेरै युवाहरूले धर्मलाई पुरानो सोच होइन, आफ्नो पहिचानको आधार भनेर बुझ्न थाले ।

**७.२ सामाजिक एकता**

कोटिहोम जस्तो ठूलो अनुष्ठानमा सबै जात, वर्ग र समुदायका मानिस सहभागी हुन्छन् । यसले समाजमा एकता बढाउँछ। पञ्चकोशी क्षेत्रमा कोटिहोम हुँदा गाउँगाउँबाट मानिस आएर सेवा गरे, दान दिए, भजन गाए। यसले आपसी मेलमिलाप र सहकार्य बढायो ।

**७.३ मन्दिर संरक्षणमा प्रेरणा**

योगी नरहरीनाथज्यूको प्रेरणाले धेरै ठाउँमा मन्दिर मर्मत, सरसफाइ, मूर्ति संरक्षण र पूजा परम्परा व्यवस्थित गर्ने अभियान सुरु भयो । पञ्चकोशी क्षेत्रको संरक्षणको चेतना यही अभियानबाट फैलिएको मानिन्छ ।

**८. पञ्चकोशी क्षेत्रको संरक्षणका चुनौतीहरू**

पञ्चकोशी क्षेत्र जति पवित्र छ, त्यति नै संवेदनशील पनि छ । आजको समयका केही चुनौतीहरू

- मन्दिरहरूको पुरानो संरचना बिग्रँदै जानु
- सडक र पूर्वाधार अभाव
- धार्मिक स्थलमा फोहोर व्यवस्थापन समस्या
- युवा पलायन
- पर्यटन व्यवस्थापनको कमी
- सरकारी तथा संस्थागत सहयोगको न्यूनता
- ऐतिहासिक दस्तावेजको अभाव

यी चुनौती समाधान नगरे पञ्चकोशी क्षेत्रको वास्तविक महत्व भविष्यमा कमजोर हुन सक्छ ।

**९. पञ्चकोशी क्षेत्र विकासका लागि सुझाव**

**९.१ धार्मिक तीर्थ मार्ग घोषणा**

सरकारले श्रीस्थान-नामिस्थान-धुलेश्वर-पादुका-तल्लो डुंगेश्वरलाई जोडेर "दैलेख पञ्चकोशी तीर्थ मार्ग" घोषणा गर्नुपर्छ ।

**९.२ अनुसन्धान र अभिलेखिकरण**

मन्दिरको इतिहास, लोककथा, शिलालेख, मूर्ति र पुरातात्विक वस्तुहरूको अध्ययन गरी दस्तावेज तयार गर्नुपर्छ। योगी नरहरीनाथज्यूको लेखन र अभिलेखलाई आधार बनाएर अनुसन्धान केन्द्र स्थापना गर्न सकिन्छ ।

**९.३ वार्षिक पञ्चकोशी महोत्सव**

पञ्चकोशी क्षेत्रलाई चिनाउन वार्षिक रूपमा

- पञ्चकोशी धार्मिक महोत्सव
- वैदिक सम्मेलन
- भजन प्रतियोगिता
- सांस्कृतिक कार्यक्रम
- स्थानीय उत्पादन प्रदर्शनी

**९.४ योगी नरहरीनाथज्यूको स्मृति संरक्षण**

योगी नरहरीनाथज्यूले कोटिहोम र धार्मिक अभियान चलाएर यस क्षेत्रलाई चिनाउनुभएको योगदानलाई सम्मान गर्दै

- स्मृति पार्क
- योगी नरहरीनाथ धर्म-संस्कृति केन्द्र
- पुस्तकालय तथा संग्रहालय
- शोध प्रतिष्ठान
- स्थापना गर्न सकिन्छ ।

**१०. निष्कर्षः**

दैलेख पञ्चकोशी'कर्णालीको अमूल्य धरोहर दैलेखको पञ्चकोशी क्षेत्र कुनै साधारण धार्मिक स्थलहरूको समूह होइन । यो कर्णाली प्रदेशको आत्मा हो, दैलेखको पहिचान हो र नेपालको सांस्कृतिक धरोहर हो। श्रीस्थान, नामिस्थान, धुलेश्वर, पादुका र तल्लो डुंगेश्वर यी पाँच तीर्थस्थलहरूले दैलेखलाई धार्मिक राजधानी जस्तै बनाएका छन् ।

यी स्थलहरूमा केवल पूजा हुँदैन, यहाँ इतिहास बोल्छ, सभ्यता झल्किन्छ, लोककथा बाँचिन्छ र धर्म संस्कार जीवित रहन्छ । यस्तो महान भूमिलाई चिनाउने काममा राष्ट्रगुरु योगी नरहरीनाथज्यूको योगदान अत्यन्त ऐतिहासिक छ ।

उहाँले कोटिहोम, प्रवचन, यात्राहरू र सांस्कृतिक अभियानमार्फत पञ्चकोशी क्षेत्रलाई कर्णालीबाट बाहिर नेपालभर फैलाउनुभयो ।

आजको पुस्ताले पञ्चकोशीलाई केवल दर्शन गर्ने तीर्थ होइन, संरक्षण गर्ने जिम्मेवारी ठान्नुपर्छ । मन्दिरहरूको संरक्षण, धार्मिक पर्यटनको विकास, स्थानीय संस्कृतिको प्रवर्द्धन र योगी नरहरीनाथज्यूको योगदानको अभिलेखिकरण गर्न सकियो भने दैलेख पञ्चकोशी क्षेत्र नेपालकै महान तीर्थस्थलको सूचीमा अझ उच्च स्थानमा पुग्नेछ ।

*(लेखक योगी नरहरिनाथ अध्ययन तथा अनुसन्धान प्रतिष्ठानका अध्यक्ष हुन् ।)*

# जुम्लाका स्थानीय तहले आइतबार पनि विद्यालय सञ्चालन गर्ने

**युग संवाददाता**
**जुम्ला, ११ वैशाख ।**
जुम्लाका आठवटा स्थानीय तहमध्ये तीनवटा स्थानीय तहले आइतबार पनि विद्यालय सञ्चालन गर्ने भएका छन् । विद्यमान पाठ्यक्रमअनुसार दुई दिनको सार्वजनिक बिदाले निर्धारित पाठ्यभार पूरा गर्न नसकिने भन्दै यहाँको कनकासुन्दरी, सिञ्जा र तातोपानी गाउँपालिकाले आइतबार पनि नियमित पठनपाठन जारी राख्ने सार्वजनिक सूचनामार्फत जनाएका छन् ।

तातोपानी गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईंका अनुसार पालिकाभित्रका २९ वटै सामुदायिक विद्यालय वैशाख १५ गतेदेखि पूर्ण रूपमा सञ्चालनमा आउनेछ । सिञ्जा गाउँपालिकाले वैशाख ८ गतेदेखि पालिकाभित्रका सबै विद्यालयमा नियमित पठनपाठन सञ्चालनमा आएको गाउँपालिका अध्यक्ष पूर्णप्रसाद धितालले जानकारी दिए ।

जिल्लाको कनकासुन्दरी गाउँपालिकाले वैशाख ७ गतेदेखि नियमित पठनपाठन सुरु गरेको गाउँपालिकाका कावाध्यक्ष प्रेमकली बुढाको भनाइ छ । नेपाल सरकारले शैक्षिकसत्र २०८३ का लागि वैशाख १५ गतेदेखि भर्ना अभियान र २१ गतेदेखि नियमित पठनपाठन सुरु गर्ने निर्णय गरे पनि यहाँका कनकासुन्दरी, सिञ्जा र तातोपानी गाउँपालिकाले भने आफ्नै शैक्षिक क्यालेन्डरअनुसार शैक्षिकसत्र कार्यक्रम सुरु गरेका छन् ।

नेपाल सरकार मन्त्रिपरिषद्को गत चैत १२ गतेको बैठकले शनिबार र आइतबार हप्ताको दुई दिन सार्वजनिक बिदा दिने निर्णय गरेको थियो । मन्त्रीपरिषद्को निर्णयअनुसार शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरले गत चैत २६ गते ७७ वटै जिल्लामा सरकारले दिएको निर्देशन पालना गर्न पत्राचार गरेको थियो ।

## ठाकुरबाबामा...

प्रभावकारी सेवा सुरु गरिएको बताए । साथै, विभिन्न स्थानमा सञ्चालनमा रहेका बर्थिङ सेन्टरलाई निःशुल्क एम्बुलेन्स सेवामार्फत नगर अस्पतालमा एकीकृत गर्ने योजना रहेको जानकारी दिए ।

नगरपालिकाकी उपप्रमुख बिना भट्टराईले अस्पताललाई अझ व्यवस्थित र स्तरीय बनाउन नगरपालिका निरन्तर सक्रिय रहने बताए । अस्पतालको आम्दानी र खर्च नगरपालिकाकै मातहतमा रहने जनाउँदै उनले अब स्थानीयवासीले सुविधा सम्पन्न स्वास्थ्य सेवा आफ्नै क्षेत्रमा पाउने विश्वास व्यक्त गरे ।

ठाकुरबाबा नगर अस्पताल विकास समितिका अध्यक्ष चिरञ्जीवी योगीका अनुसार अस्पतालमा हाल तीन जना चिकित्सकसहित ४६ जना जनशक्ति कार्यरत छन् । निकट भविष्यमा एमडीजीपी चिकित्सकसहित थप विशेषज्ञ सेवा विस्तार गर्ने योजना रहेको उनले जानकारी दिए साथै, स्वास्थ्य बिमा गरेका बिरामीलाई पनि सेवा प्रदान गरिँदै आएको छ भने प्रत्येक शनिबार विशेषज्ञ सेवा सञ्चालन गर्ने तयारी गरिएको छ ।

हाल अस्पतालमा ठाकुरबाबा नगरपालिका र आसपासका क्षेत्रबाट दैनिक करिब २५० बिरामीले सेवा लिइरहेका छन् । अस्पताल व्यवस्थापनलाई पूर्णरूपमा व्यवस्थित गर्न केही समय लाग्ने बताइएको छ । साथै, अस्पताल आवतजावतका लागि निःशुल्क यातायात सेवा समेत उपलब्ध गराइएको छ ।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री गिता पुरी धनी रहेको, दर्ता नम्बर ७५२५/०७७/०७८ बाट वीन. न.पा-१०, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री प्रिती कृषि तथा फलफुल पशुपंक्षी फर्म नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

# चलचित्र महोत्सवमार्फत ‘गन्तव्य कर्णाली’ अभियान थालनी

**युग संवाददाता**
**सुर्खेत, ११ वैशाख ।**
‘घुमौं कर्णाली, हेरौं कर्णाली’ भन्ने नारासहित कर्णाली अन्तरराष्ट्रिय चलचित्र महोत्सवमार्फत ‘गन्तव्य कर्णाली’ अभियान थालनी गरिएको छ ।




सुर्खेत वीरेन्द्रनगरमा बिहीबार आयोजित पत्रकार सम्मेलनमार्फत महोत्सव निर्देशक चक्रबहादुर चन्दले चलचित्रको माध्यमबाट नेपाली चलचित्रको प्रवर्द्धन र विकाससँगै कर्णालीमा चलचित्र पर्यटनको सम्भावनालाई उजागर गर्ने एवं जलवायु परिवर्तनसम्बन्धी जनचेतना फैलाउने उद्देश्यका साथ तेस्रो कर्णाली अन्तरराष्ट्रिय चलचित्र महोत्सव २०८३ आयोजना गर्न लागिएको जानकारी दिए ।

उनले भने, “तेस्रो कर्णाली अन्तरराष्ट्रिय चलचित्र महोत्सव २०८३ मार्फत नेपालको कर्णाली क्षेत्रलाई केन्द्रविन्दु बनाई सहरदेखि गाउँसम्म चलचित्र र पर्यटन जोड्न विविध गतिविधि सञ्चालन गर्छौं । यहाँ प्रचुर सम्भावना भए पनि पर्यटन विकास र चलचित्रसँग सम्बन्धित गतविधिहरू प्रायः शून्य छन् ।”

कर्णालीका अनगिन्ती कथा, जीवनशैली, भाषा, वेशभूषा, कला, संस्कृति, साहित्य, परम्परा र रीतिरिवाजलाई संरक्षण र प्रवर्द्धनका लागि राज्यको भूमिका प्रायः शून्य रहेको स्थितिलाई मध्यनजर गर्दै जनजनमा नेपाली चलचित्र, मनमनमा नेपाली चलचित्र भन्ने अभियानका साथ कर्णाली अन्तरराष्ट्रिय चलचित्र महोत्सवमार्फत ‘गन्तव्य कर्णाली’ अभियानको थालनी गरिएको निर्देशक चन्दले बताए ।

साहित्यकार, लेखक तथा महोत्सवका सल्लाहकार महेन्द्र मल्लले कर्णालीका लुकेका कथालाई उजागर गर्ने उद्देश्यले चलचित्र कथा प्रतियोगिताको घोषणा गरी विज्ञहरूबाट कथा छनोट कार्य भइरहेको बताए । उनले कर्णालीको मौलिकता झल्कने, कल्पनामा नभई यथार्थतामा आधारित कथाहरूलाई प्राथमिकतामा राखेर छनोट गरिने र उत्कृष्ट कथा लेखन लागि रु एक लाख राशी प्रदान गरिने जनाए ।

खासगरी पर्यटन प्रवर्द्धन, सांस्कृतिक उजागर, सामाजिक रुपान्तरण, आर्थिक समृद्धि, अन्तरराष्टिय पहिचान, सिनेमाको पहुँच वृद्धि गर्न र कर्णालीलाई चलचित्र पर्यटन तथा छायाङ्कनको हब बनाउन चलचित्र छायाङ्कन गर्न आउने स्थिति निर्माण गर्न यो महोत्सवले ठूलो योगदान दिने अपेक्षा गरिएको छ । सुर्खेतबाट शुभारम्भ गरिएको महोत्सव सल्यानको कुपिण्डे ताल, रुकुमपश्चिम, जाजरकोट, दैलेख, कालीकोट हुँदै जुम्लामा पुगेर समापन गरिने आयोजकले जनाएको छ ।




# एमयूमा ‘बहुविषयमा अन्तरराष्ट्रिय सम्मेलन’

**युग संवाददाता**
**सुर्खेत, ११ वैशाख ।**
कर्णाली प्रदेशको राजधानी सुर्खेत वीरेन्द्रनगरमा अवस्थित मध्यपश्चिम विश्वविद्यालय (एमयू) मा शुक्रबारदेखि ‘बहुविषयमा अन्तरराष्ट्रिय सम्मेलन-२०२६’ सुरु भएको छ ।

भारतको बिरला ग्लोबल युनिभर्सिटीसँगको सहकार्यमा मध्यपश्चिम विश्वविद्यालयले वैशाख ११-१३ गतेसम्म सम्मेलनको आयोजना गरेको हो ।

‘इन्टरडिसिप्लिनियरी सिनर्जिज फर अ सस्टेनेबल फ्युचर इन द एज अफ एआइ एन्ड डिजिटल ट्रान्सफर मेसन’ भन्ने मूल नारामा आधारित रहेर नेपालको उच्च शिक्षा, अनुसन्धान संस्कृति, अन्तरराष्ट्रिय सहकार्य, क्षेत्रीय विकास र नीति संवादलाई एउटै साझा मञ्च जोड्ने प्रयासअनुरुप सम्मेलनको आयोजना गरिएको हो ।

विश्वविद्यालय अन्तरराष्ट्रिय सम्बन्ध निर्देशनालयका कार्यकारी निर्देशक डा यदुप्रसाद ज्ञावलीका अनुसार कृत्रिम बुद्धिमत्ता, डिजिटल रुपान्तरण र दिगोपनासम्बन्धी नयाँ अवधारणा विकास, शिक्षा, प्रविधि, शासन, अर्थतन्त्र र समाजका जटिल समस्यालाई अन्तरविषयगत दृष्टिकोणबाट विश्लेषण, अन्तरराष्ट्रिय अनुसन्धान सहकार्य तथा साझेदारी विस्तार र प्रमाण आधारित नीति निर्माणका लागि सिफारिसहरू गर्ने लक्ष्यसहितको उद्देश्य प्राप्तिका लागि तीन दिनसम्म सम्मेलन सञ्चालन भएको छ ।

## कर्मचारी आवश्यकता

यस होटल नमस्ते नेपाल तथा जेयाना रेष्टुरेन्ट एण्ड बारका लागि तपसिल बमोजिमका कर्मचारीहरू आवश्यकता परेको हुँदा योग्यता पुगेका इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क राख्नुहोला ।

**तपसिल**
**१. पद : कुक संख्या :-** ३ जना (कम्तीमा ५ वर्षको माथि अनुभव भएको)
**२. वेटर : संख्या :-** ५जना (कम्तीमा १ वर्ष माथिको अनुभव भएको ।)
**२. क्यापटन : संख्या :-** २ जना (कम्तीमा ३ वर्ष माथिको अनुभव भएको ।)
**तलब :-**
अनुभवको आधारमा दुबै पक्षको आपसी समझदारीमा निधारण गरिनेछ । अन्य सेवा सुविधाको हकमा होटलको नियमानुसार प्रदान गरिनेछ ।

**होटल नमस्ते नेपाल तथा जेयाना रेस्टुरेन्ट एण्ड बार**
**वीन.पा-६, पिपलचौतारी, सुर्खेत**
**९८४८०७८४३५/९८५८०५१४७०**
*(नोट : डकुमेन्टहरु यस hotelnamaste.skt@gmail.com ईमेलमा पठाउन सक्नुहन्छ ।)*

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६८५६ (डी.बी. राना)




**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।